नेपाली

Vol.31 | 2023.03



भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

## वसन्तमा सहरमा घुमफिर गर्न निस्कौं!

### 【ओता सहरको साकुराको मज्जा लिऔं!】





ओता सहरमा सुन्दर साकुरा भएका ठाउँहरू धेरै छन्। विशेष गरी सेनजोकुइके पार्क, इकेगामी होनमोनजी र तामागावामा धेरै साकुरा फुल्ने हुनाले अत्यन्तै सुन्दर दृश्यको मज्जा लिन सकिन्छ। ओता पर्यटन संघमा ओता सहर भित्रका साकुरा फुल्ने ठाउँहरूको जानकारी लेखिएको नक्सा तयार गरिएको छ। यी बाहेक पनि तपाईंले पूर्ण रूपमा ओता सहरको आनन्द लिन सक्ने जानकारी भएका पम्पलेटहरू धेरै छन्। नबीर्सीकन हेरी घुम्न निस्कनुहोस् है!




मार्च 20 तारिख तिरदेखि वितरण सुरु गरिनेछ। निशुल्क

ओता पर्यटन संघ, ओता सहर पर्यटक जानकारी केन्द्र, ओता सहरमा भएका पुस्तकालयहरू, विशेष उपशाखा कार्यालय आदिमा पाउन सकिन्छ।

(सामान्य सम्मिलित फाउन्डेशन) ओता पर्यटन संघ
☎ 03-3734-0202 E-mail event@o-2.jp

# [बाह्रौँ 21 सेइकी साकुरा माचुरी]

"21 सेइकी साकुरा माचुरी" भनेको टोल समिति तथा टोल संघ, स्थानीय व्यापार सञ्चालकहरू, सम्बन्धित संस्थाहरू आदि एकजुट भई आपसी सम्बन्धलाई प्रगाड बनाई यस क्षेत्रलाई बलियो बनाउने इभेन्ट हो। यस पटकको साकुरा माचुरीमा पनि हरेक पटक सबैले रुचाइदिनुभएको स्टेज, इभेन्ट कर्नर, फ्रि-मार्केट, बुथहरू जस्ता रमाइला कार्यक्रमहरू धेरै योजना गरिएका छन्।

ध्यान दिनुपर्ने कुराहरू

- मास्क लगाएर आउनुहोस्।
- इभेन्टको दिन इभेन्ट हुने स्थान भित्र प्रवेश गर्ने व्यक्ति सङ्ख्या सीमित गरिने अवस्थाहरू पनि हुन सक्छन्।
- स्वास्थ्य स्थिति खराब भएमा नआउनुहोस्।
- नोभल कोरोना भाइरसको संक्रमण फैलावट स्थिति अनुसार रद्द हुने सम्भावना छ।



21 सेइकी साकुरा

2023 साल मार्च 26 तारिख (आइतबार)
10:00 am~3:00 pm (वर्षा भएमा रद्द गरिनेछ।)

सिमोमारुको पार्क
ओता सहर सिमोमारुको 4-21-2

यागुची विशेष उपशाखा कार्यालय
स्थानीय गतिविधि प्रवर्द्धन कर्मचारी
☎ 03-3759-4686
FAX 03-3759-1492
E-mail yaguti@city.ota.tokyo.jp



©Ota City

# [आर्थिक वर्ष 2023 सालको अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत) को आवेदन खुला गरिएको छ।]



ओता सहरमा ओता सहरको आकर्षण तथा जानकारी प्रचार गर्ने "कुल, ओता सहर दूत (Cool OTA-KU ambassador)" (निकनेम) को आवेदन खुला गरिएको छ।

- आवेदन योग्यता: ओता सहर भित्र बसोबास, काम, अध्ययन आदि गर्ने ओता सहरसँग सम्बन्ध भएका 18 वर्ष वा सोभन्दा बढीका विदेशी नागरिकहरू
- दूतको भूमिका: (1) SNS र व्यक्तिगत सञ्जाल आदिको उपयोग गरी ओता सहरको आकर्षणको प्रचार गर्ने (2) ओता सहर आदिद्वारा आयोजना गरिने इभेन्ट आदिमा सहभागी हुने (आर्थिक वर्ष 2022 सालमा साना इभेन्टहरू, आदानप्रदानका कार्यक्रमहरू आदि सञ्चालन)
- कार्यभार अवधि: 2023 साल जुलाई~2025 साल जुन (योजना)
- आवेदन म्याद: 2023 साल अप्रिल 10 तारिख (सोमबार) 5:00 pm सम्ममा अनिवार्य रूपमा आइपुग्नुपर्नेछ।
- आवेदन दिने तरिका: आवेदन फाराम आदि लिएर आउनुहोस् वा हुलाक, FAX वा इमेलद्वारा आवेदन दिनुहोस्।

विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्। गतिविधिहरूमा भाग लिने क्रममा अझ धेरै ओता सहरबारे जान्ने अवसरहरू प्राप्त हुनुका साथै धेरै मान्छेहरूसँग चिनजान पनि हुन्छ। तपाईं पनि ओता सहरमा सक्रिय भूमिका निर्वाह गर्न चाहनुहुन्छ? हामी तपाईंको आवेदन पर्खिरहेका छौं।

5 जना जति

तोकिएको आवेदन पत्र र रिपोर्ट हुलाक वा इमेलद्वारा तलको आवेदन दिने ठाउँमा पठाउनुहोस् वा आफै गएर पेस गर्नुहोस्।


अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवनसँग सम्बन्धित कर्मचारी
ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323 E-mail boshu-kokusai@city.ota.tokyo.jp

# [मागोमे बुन्सीमुरा ओजाकुरा माचुरी]





नागासी ओदोरी, आवा ओदोरी, हाइकु प्रतियोगिता गरिनुका साथै बुथहरू पनि हुने हुनाले जसले पनि मज्जा लिन सक्छ।



©Ota City

* नोभल कोरोना भाइरसको संक्रमण फैलावट स्थिति अनुसार रद्द हुने सम्भावना छ।

2023 साल अप्रिल 2 तारिख (आइतबार)
12:00 pm~4:30 pm वर्षा भए तापनि आयोजना गरिनेछ।

मागोमे विशेष उपशाखा कार्यालय
☎ 03-3774-3301 FAX 03-3774-4997

साकुरा नामिकी पार्क, मागोमे साकुरा नामिकी दोओरी (ओता सहर मिनामी मागोमे 4-48 देखी 6-11 वरिपरिसम्म)
*ओमोरी स्टेसन सान्नो एक्जिटबाट एबारामाची स्टेसनको इन्ट्रान्समा जाने बसमा "उसुदा साकासिता" मा ओर्लिएपछि हिँडेर 5 मिनेट

©Ota City

# [ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) खुला गरिएको 1 वर्ष पूरा हुनेछ!]

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र Minto Ota गत साल अप्रिलमा खुला गरिएको थियो र केही दिनमा नै 1 वर्ष पूरा हुनेछ। यस केन्द्रमा दैनिक जीवनमा समस्या भएको बेला सम्पूर्ण विदेशी नागरिकहरूले परामर्श गर्न सक्ने काउन्टर, विदेशी संस्कृति, ओता सहरको आदानप्रदान कार्यक्रमहरूको जानकारी आदि राखिएको जानकारी तथा आदानप्रदान कर्नरका साथै अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनका गतिविधिहरूमा प्रयोग गर्न सकिने मिटिङ रुमहरू छन्। साथै (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ र सहरको अन्तर्राष्ट्रिय सहर तथा बहुसंस्कृति प्रवर्द्धन शाखा पनि छ।
सहर कार्यालयको प्रक्रियाहरू सम्बन्धी परामर्श, पेस गर्ने कागजात अनुवाद जस्ता सेवाहरू पनि उपलब्ध हुनाले संकोच नमानीकन प्रयोग गर्नुहोस्।



बहुभाषी परामर्श काउन्टर (अन्तर्राष्ट्रिय सहर ओता संघ)



जानकारी तथा आदानप्रदान कर्नर



मिटिङ रुम

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227 FAX 03-5744-1323
E-mail kokusai@city.ota.tokyo.jp

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र

# [आर्थिक वर्ष 2023 सालको ओता सहरको बजेट (मस्यौदा)]

आर्थिक वर्ष 2023 सालको ओता सहर बजेट (मस्यौदा) तयार गरिएको छ। अर्को वर्षको बजेटको आधारभूत विचार हेर्नको लागि दुई-आयामी कोडबाट ओता सहरको HP मा गई हेर्नुहोस्।

सार्वजनिक सुनुवाइ तथा जनसम्पर्क शाखा
☎ 03-5744-1132

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

विशेष लेख

# काम गर्ने विदेशी नागरिकसँग अन्तर्वार्ता

## कम्बिनीको नयाँ कर्मचारीको प्रशिक्षणमा सक्रिय

दोस्रो भाग चीन, भित्री मंगोलिया क्षेत्र

### ओता सहरमा काम गरौं!!

Ota City Navigation पढ्नुहुने सम्पूर्ण विदेशी नागरिकहरूलाई ओता सहरमा काम गर्ने कुराको आकर्षणबारे जानकारी गराउनको लागि हामी तपाईंहरूसँग ओता सहरमा काम गर्नुहुने विदेशी नागरिकहरूको परिचय गराउँछौं। हामीले दोस्रो भागमा विदेशी कर्मचारीको सङ्ख्या वृद्धि भइरहेको कम्बिनी उद्योगमा नयाँ कर्मचारीको विकासको काम गर्नुहुने चीनको भित्री मंगोलिया क्षेत्रमा जन्मनुभएकी, हँसिलो व्यक्तित्व भएकी WUGEDELEHU सँग कुराकानी गरेका छौं।



### Q जापानमा आउन मन लाग्नुको कारण के हो?

म 2018 साल अक्टोबरमा जापानमा आएको थिएँ। खासमा विश्वविद्यालयबाट स्नातक गरेपछि म भित्री मंगोलियामा नर्सरीको शिक्षकको रूपमा काम गरिरहेको थिएँ तर नयाँ कुरा प्रयास गर्ने मन भएकोले हो। मैले विश्वविद्यालयको शिक्षकबाट सधैं जापानको कुराहरू सुन्ने गर्थें। कुनै दिन आफ्नै आँखाले जापान हेर्न चाहन्छु भन्ने इच्छा मनमा भएकोले मैले जापान रोजेको हुँ।

### Q हाल तपाईं कस्तो काम गरिरहनुभएको छ? अहिलेको काममा कसरी लाग्नुभयो?





म मानव संसाधन विकास गर्ने कामको जिम्मा लिने कम्पनीमा काम गर्छु। म विदेशी नागरिकहरूलाई मात्र नभईकन कम्बिनीको नयाँ कर्मचारीको प्रशिक्षणको काम गरिरहेको छु। यो काम रोज्नुको कारण चाहीँ मलाई मानव संसाधन विकासमा संलग्न हुने इच्छा भएकोले हो। पहिलो पटक पार्ट टाइम गरेको बेलाको पसलको म्यानेजरले सिफारिस गर्नुभएको "लिडर क्रू प्रशिक्षण" को कारण मलाई मानव संसाधन विकास प्रति रुचि जागेको हो। त्यो बेलादेखि मैले नयाँ कर्मचारीको प्रशिक्षण रमाइलो हुने कुरा थाहा पाएँ। त्यसपछि मलाई पनि त्यो बेलाको पसलको म्यानेजरले जसरी नै वरिपरिका मान्छेहरूको भावना बुझेर हेरचाह गर्ने इच्छा भयो। त्यो बेला म राम्रोसँग जापानी भाषा बोल्न सक्थिनँ र आत्तिएर गल्ती गरेको बेलामा पनि उहाँले मलाई नम्र र शान्त रूपमा सिकाउनुभयो। मलाई त्यो बेलाको कुरा अहिले पनि याद छ। नयाँ कर्मचारीलाई काम सिकाउने बेला मैले शान्त रूपमा उनीहरूको भावनालाई बुझेर सिकाउने कुरामा ध्यान दिने गरेको छु। साथै कामका कुराहरू सिकाउने मात्र नभएर कसरी वरपरका मान्छेहरूले रमाइलोसँग काम गर्न सक्छन् भन्ने कुरालाई ध्यानमा राखी, ती कुराहरूमा जोड दिएर सिकाउँछु। त्यसको लागि सर्वप्रथम आफूले रमाइलोसँग काम गर्ने गरेको छु।



WUGEDELEHU जी धन्यवाद। आउने दिनहरूमा WUGEDELEHU जीको जस्तै अरूको भावनालाई बुझ्ने र हँसिलो भावना कम्बिनीहरूबाट सहरमा फैलिओस्।

पूरा लेख पढ्नको लागि HP मा जानुहोस्। ▶

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ☎ 03-5744-1227 FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।